# कचनकवल गाउँपालिका

## Kachankawal Rural Municipality

## गाउँ कार्यपालिकाको कार्यालय

## (Office Of The Rural Municipal Executive)

बनियानी, झापा

Baniyani, Jhapa

कोशी प्रदेश, नेपाल

(Koshi Province, Nepal)


पत्र संख्या(Ref. No): २०८२/०८३

चलानी नं. (Ref. No): २१८-२०८२/०८३

---

मितिः २०८२/०५/०२

ने.सं. ११४५ गुँलागा दशमी

श्री सबै ७ वटै वडा कार्यालयहरु

कचनकवल गाउँपालिका

विषयः सूचना टाँस गरी जानकारी गराउने सम्वन्धमा ।

प्रस्तुत विषयमा कचनकवल गाउँपालिका दर्ता नं २२७ मिति २०८२/०५/०२ को पत्र यसै साथ संलग्न गरिएको छ। सो सूचना वडा कार्यालयको सूचना पाटीमा टास गरी सो जानकारी गाउँपालिका कार्यालयमा गराउनुहुन जानकारी गराईन्छ ।

.................................

स्काई पोखेल

प्रमुख प्रशासकीय अधिकृत

वोधार्थः

सूचना प्रविधि शाखा, कचनकवल गाउँपालिका, वडा कार्यालयलाई जानकारी गराउनुहुन ।



CamScanner

कचनकवल गाउँपालिका

Kachankawal Rural Municipality

गाउँ कार्यपालिकाको कार्यालय

(Office Of The Rural Municipal Executive)

बनियानी, झापा

Baniyani, Jhapa


पत्र संख्या(Ref. No): २०८२/०८३
चलानी नं. (Ref. No)..११७..-२०८२/०८३

कोशी प्रदेश, नेपाल
(Koshi Province, Nepal)

मितिः २०८२/०५/०२
ने.सं. ११४५ गुँलागा दशमी

# सूचना! सूचना!! सूचना!!!

**विषयः भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले अन्तिम पटक निवेदन पेश गर्ने सम्वन्धी पैंतीस (३५) दिने सूचना ।**

प्रस्तुत विषयमा नेपाल सरकार भूमी समस्या समाधान आयोग ताहाचल काठमाडौंले मिति २०८२/०४/३० गते भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीले अन्तिम पटक निवेदन पेश गर्न पैंतीस (३५) दिन सूचना प्रकाशित गर्ने निर्णय अनुसार यस कचनकवल गाउँपालिकाको हकमा समेत लागू हुने भई भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित वसोवासी लाई आफ्नो नाममा जग्गा नापजाँच गरी धनीपुर्जा प्राप्त गर्न चाहनेले सो सूचना प्रकाशित मितिले ३५ दिनभित्र आवश्यक निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

नोटः थप जानकारीका लागि आ-आफ्नो वडा कार्यालयमा सम्पर्क गर्न हुन समेत जानकारी गराइन्छ ।

..............................
स्काई पोखेल
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

नेपाल सरकार

## भूमि समस्या समाधान आयोग

ताहाचल, काठमाडौं ।

फोन नं. ०१-५३१३९३२/५३१३९३६

# विगतका आयोग, समिति र कार्यदलका बाँकी कामको लागि निवेदन दिने सम्बन्धी अन्तिम पटकको ३५ (पैंतीस) दिने सूचना

**प्रकाशित मिति : २०८२/०४/३०**

मिति २०७७/०१/०१ भन्दा अगाडि प्रचलित कानून बमोजिम नेपाल सरकारले गठन गरेका आयोग, कार्यदल र समितिबाट वितरण गरेका जग्गाहरूको स्वामित्व वा दर्ता श्रेस्ता वा नक्सा प्रमाणित लगायतका विषयमा कुनै समस्या भए आवश्यक प्रमाण कागजातसहित विगतका आयोग, समिति र कार्यदलका बाँकी काम सम्पन्न गर्ने सम्बन्धी कार्यविधि, २०८१ को अनुसूची २ बमोजिमको ढाँचामा यस आयोगको सम्बन्धित जिल्ला समितिको सचिवालयमा मिति २०८२/०४/३० देखि ३५ (पैंतीस) दिनभित्र निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

नेपाल सरकार

## भूमि समस्या समाधान आयोग

ताहाचल, काठमाडौं ।

# भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले निवेदन दिने सम्बन्धी पैंतीस (३५) दिने सूचना ।

**(अन्तिम पटकको सूचना प्रकाशन मिति : २०८२/०४/३०)**

भूमि समस्या समाधान आयोगले भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने प्रयोजनका लागि कार्य सहमतिपत्र अनुसार सम्झौता भइसकेका सम्पूर्ण स्थानीय तहका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले जग्गा प्राप्त गर्नका लागि आयोगले तोकेको ढाँचा बमोजिम निवेदन फाराम भरी मिति २०८२/०४/३० देखि ३५ दिनभित्र स्थानीय तहबाट वडाका तोकिएका स्थानहरूमा खटिएका सगत संकलक मार्फत पेश गर्नु हुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।